मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोनः-०४८-५४०११२

प.सं.:-०७७/७८
च.नं.:-

## सेवा करारमा स्वास्थयकर्मी पदपुर्ति सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७७/०९/०९)

मन्थली नगरपालिका अन्तर्गत चिसापानी आयुर्वेद स्वास्थ्यकेन्द्रको लागि देहाय बमोजिमका पदमा सेवा करारमा स्वास्थ्यकर्मीहरु पदपुर्ति गर्नुपर्ने भएकोले तपशिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले देहाय वमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन वा मिति २०७७/०९/२३ गते (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र कार्यालय समयमा लोकसेवा आयोगबाट निर्धारित ढाँचामा दरखास्त फारम भरी यस नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र स | विज्ञापन नं | पद | तह | संख्या | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| १ | ९/०७७/७८ | कविराज | सहायक पाचौं | १ जना | मान्यता प्राप्त शिक्षण संस्थावाट आयुर्वेद विषयमा प्रमाणपत्र तह उतीर्ण गरेको । |
| २ | १०/०७७/७८ | वैद्य | सहायक चौथो | १ जना | मान्यता प्राप्त शिक्षण सस्थावाट एस.एल.सी./एस.इ.इ. उतीर्ण गरी एक वर्षको सहायक आयुर्वेद कार्यकर्ता कोर्ष उत्तीर्ण गरेको । |

१. **सम्लग्न गर्नु पर्ने कागजातहरुः**
(क) दरखास्त फारम (ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ग) शैक्षिक योग्यताका प्रमाणपत्रहरुका प्रतिलिपि
(घ) तालिमका प्रमाणपत्रका प्रतिलिपीहरु (च) अनुभवका कागजातहरु (छ) नगरपालिकामा राजश्व वुझाएको भरपाइ ।

२. **उमेर हद :** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको।

३. **दरखास्त फारम पाइने स्थान :** लोकसेवा आयोगको वेभ साइट www.psc.gov.np वाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

४. **दरखास्त दस्तुर :** कविराज, सहायकस्तर पाचौंको हकमा रु. ४०० र वैद्य, सहायकस्तर चौथोको हकमा रु. ३००- नगरपालिकाको राजश्व उपशाखामा नगदै रकम वुझाइ वा यस कार्यालयको नाममा रहेको रा.वा.वैंक मन्थली शाखाको आन्तरिक राजश्व खाता (ग.१.१) १६८०१००३०१०१०००२ मा रकम जम्मा गरेको सक्कलै भरपाइ पेश गर्नुपर्ने ।

५. **छनौटको किसिम :** प्रयोगात्मक र अन्तरवार्ता ।

६. **परीक्षा मितिः** दरखास्त दिने अन्तिम मिति पश्चात सूचना प्रकाशन गरिनेछ ।

७. **सेवा तथा सुविधाहरुः** प्रचलित कानुन अनुसार सम्वन्धित तहको लागि तोकिए वमोजिम ।

८. **करार अवधि :** २०७८ असार मसान्त सम्म ।

९. **प्राथमिकता :** स्थानीय, सम्वन्धित कामको अनुभव भएका, महिला, दलित, जनजातिलाइ प्राथमिकता दिइने छ ।

*थप जानकारिका लागि मन्थली नगरपालिकाको प्रशासन शाखा वा फोन नं ०४८-५४०५३२ मा सम्पर्क गर्न सकिनेछ ।*

प्रमुख प्रशाशकीय अधिकृत